नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

संघीय मामिला शाखा

पत्र संख्याः सं.मा.शा. २०७३/०७४
चलानी नं. ८८९

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाडौं
मितिः २०७४/०१/१९

**विषयः- नवलपरासी र रुकुम जिल्लाको स्थानीय तह सम्बन्धी सूचना।**

**श्री जिल्ला समन्वय समिति (सवै)।**
**श्री नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका (सवै)।**
**श्री गाउँपालिका (सवै)।**

नेपालको संविधानको अनुसूची -४ अनुसार नवलपरासी जिल्ला प्रदेश नं. ४ र ५ तथा रुकुम जिल्ला प्रदेश नं. ५ र ६ मा परेकोले प्रदेश नं. ४, ५ र ६ मा रहने नवलपरासी र रुकुम जिल्लाका गाउँपालिका र नगरपालिकाको बारेमा स्पष्ट गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७४।०१।१३ मा देहाय बमोजिम निर्णय भएकोले जानकारी एवम् आवश्यक कार्यान्वयनको लागि अनुरोध गर्दछु।

"(क) नवलपरासी जिल्लाको विनयी गाउँपालिकाको नाम विनयीत्रिवेणी गाउँपालिका कायम गर्ने; त्रिवेणी सुस्ता गाउँपालिकाको वडा नं. ६ र ७ लाई विनयीत्रिवेणी गाउँपालिकाको क्रमशः वडा नं. ६ र ७ कायम गरी विनयीत्रिवेणी गाउँपालिकाको जम्मा वडा संख्या ७ कायम गर्ने; र त्रिवेणी सुस्ता गाउँपालिकाको नाम सुस्ता गाउँपालिका कायम गरी जम्मा वडा संख्या ५ कायम गर्ने,

(ख) नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका, वुलिङटार गाउँपालिका, वुङ्दीकाली गाउँपालिका, विनयीत्रिवेणी गाउँपालिका र हुप्सेकोट गाउँपालिकालाई पहिलो चरणको निर्वाचनमा र बाँकी गाउँपालिका तथा नगरपालिकालाई दोश्रो चरणको निर्वाचनमा समावेश गर्ने,

(ग) निर्वाचन प्रयोजनको लागि रुकुम जिल्लाका मुसिकोट नगरपालिका, चौरजहारी नगरपालिका, आठविसकोट नगरपालिका, सानीभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका र वाफिकोट गाउँपालिकालाई पहिलो चरणको निर्वाचनमा र बाँकी गाउँपालिकालाई दोश्रो चरणको निर्वाचनमा समावेश गर्ने।"

**बोधार्थ**

**श्री सूचना तथा विद्युतीय शासन शाखा :-** मन्त्रालयको **website** मा प्रविष्ट गरिदिनु हुन।

२०७४।०१।१९

**(रविन्द्र आचार्य)**
शाखा अधिकृत